गोसाईकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रुबेंशी, रसुवा
बागमती प्रदेश, नेपाल
फोन नं. ०१०-५४१०८८

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०७/२१**

प्रस्तुत विषय सम्बन्धमा वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनका लागि यस कार्यक्रम अन्तर्गत गोसाईकुण्ड गाउँपालिका रसुवामा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसंग सम्बन्धित मुद्धामा सहयोग तथा सहजिकरण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरण कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको करार पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा आवेदन फारम भरि पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नम्बर ०३ । ०८१।०८२ सेवा- करार | | | |
|---|---|---|---|
| क्र. सं | पद | पद संख्या | योग्यता |
| १ | आप्रवासी श्रोत केन्द्र परामर्श (पाँचौ तह) | १ (महिलालाई विशेष प्राथमिकता) | • मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाण पत्र वा १०+२ उतीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तिमा तीन वर्षको कार्य अनुभव भएको ।<br>• स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिईनेछ ।<br>• दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>• कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको ।<br>• नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने ।<br>• यो पदको लागि सम्बन्धित स्थानीय तहकोलाई प्राथमिकता दिइनेछ । |
| विज्ञापन नम्बर ०४ । ०८१।०८२ सेवा- करार | | | |
| २ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ (महिला) | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको र पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।<br>• दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको छ ।<br>• कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको ।<br>• नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने ।<br>• यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ । |



CamScanner

| विज्ञापन नम्बर ०५/०८१/०८२ | | | |
|---|---|---|---|
| ३ | रिटर्नी स्वयंसेवक | २ | • न्यूनतम् कक्षा ८ पास गरी वैदेशिक रोजगारीमा (साउदी अरेविया, बहराइन, कतार, संयुक्त अरब ईमिरेट्स र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।<br>• सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>• यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ। |

**कार्य अवधि:** हाललाई २०८२ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुनसक्नेछ।

**परिक्षाको किसिम :** आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता र मनोसामाजिक परामर्श कर्ताको हकमा लिखित, प्रयोगात्मक र अन्तवार्ता र रिटर्नी स्वयंसेवकको हकमा लिखित र अन्तर्वार्ता।

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार।

**आवश्यक कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो तीन प्रति साथै आफुले आवेदन दिन चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**आवेदन दस्तुर :** आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता, मनोसामाजिक परामर्शकर्ता को लागि रु ५०० र रिटर्नी स्वयंसेवकको हकमा रु ३०० मात्र।

**छनौट प्रक्रिया:** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, प्रयोगात्मक र अन्तर्टवार्ता परिक्षामा समावेश गरिने छ। प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

**दरखास्त दिने अन्तिम मिति :** सुचना प्रकाशित भएको मिति देखी ७ (सात) दिन सम्म, कार्यालयको वेबसाइट (www.gosaikundamun.gov.np) मा रहेको आवेदन फारम भरी कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

श्री सूचना प्रविधि शाखा गो.गा.पा कार्यालय: यो सूचना वेवसाईटमा अपलोड गरिदिन हुन।

२०८१/८/२१

कृष्ण बहादुर बि.क.
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner